# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ११/०७८/०७९

अध्यक्षताः प्रमुख श्री हरिकुमार राना

मितिः २०७८/०९/२८

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | अनुपस्थित |
| लेखा अधिकृत | श्री विपिन लम्साल | उपस्थित |

आमन्त्रित

| | | |
|---|---|---|
| लेखा अधिकृत | श्री विपिन लम्साल | उपस्थित |
| अधिकृत सातौं | श्री हिमराज सेडाईं | उपस्थित |

*बैठक संख्या ११/०७८/०७९*  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक *मिति २०७८/०९/२८*

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०७८/०९/२८ गतेको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**(१)** अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**(२)** मिति २०७८ साल पौष २८ गतेका लागि पूर्व निर्धारित अर्जुनधारा नगरपालिकाको नगर सभाको दशौ नियमित अधिवेशनको दोश्रो बैठकमा निम्न बमोजिम प्रस्तावहरु छलफलका लागि निर्णयार्थ पेश गर्ने निर्णय गरियोः-

१. विधेयक मस्यौदा समितिबाट पेश भएका निम्न बमोजिम विधेयकहरु स्वीकृत गरी नगर सभाको बैठकमा पेश गर्ने ।

क) अर्जुनधारा नगरपालिकाको न्यायिक समिति (कार्यविधि सम्बन्धी) विधेयक, २०७८

ख) अर्जुर्नधारा नगरपालिका मेलमिलाप केन्द्र सञ्चालन (कार्यविधि सम्बन्धी) विधेयक, २०७८

ग) अर्जुनधारा नगरपालिकाका कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा सम्बन्धि विधेयक, २०७८

२. चालु आर्थिक वर्ष २०७८/०७९ का लागि अर्जुनधारा नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रममा संशोधन गर्नुपर्ने भएकाले अनुसुचि १ बमोजिममा योजना, कार्यक्रम तथा बजेटलाई संशोधन गर्नका लागि नगर सभाको दशौं अधिवेशनको बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

३. नदीजन्य पदार्थको ठेक्काबाट प्राप्त हुने आय सम्मानित अदालतमा विचाराधिन मुद्दाका कारण रोक्कामा रहेकोमा उक्त मुद्दाको फैसला भई उक्त रकम फुकुवा भएपश्चात उक्त रकमलाई निम्न बमोजिम आयोजनामा खर्च गर्नका लागि नगर सभाको आगामी बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

क. कुल रकमको ५० प्रतिशत रकमबाट बिरिङ्ग खोलामा चेक ड्याम निर्माण ।यस आयोजना सञ्चालनका लागि नेपाल सरकार, प्रदेश सरकार तथा छिमेकी बुद्धशान्ति गाउँपालिकासँग लागत साझेदारी गर्न समन्वय गर्ने ।

ख. बाँकी रकम आवश्यक तथा औचित्यका आधारमा नगर कार्यपालिकाले निर्णय गरी छनौट गरेको आयोजनामा विनियोजन गर्ने ।

४. अर्जुनधारा नगरपालिका ६ र ९ नं वडा कार्यालय भवन निर्माणका लागि विनियोजित बजेटबाट भवन निर्माण सम्पन्न नभएको सम्बन्धमा प्राप्त निवेदन बमोजिम आवश्यक अध्ययन गरी प्रतिवेदन पेश गर्न निम्न बमोजिमको समिति गठन गर्न नगर सभाको आगामी बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| उप प्रमुख | संयोजक |
| वडा नं ३ को अध्यक्ष | सदस्य |
| पूर्वाधार विकास समिति संयोजक | सदस्य |
| प्राविधिक शाखा प्रमुख | सदस्य |
| सम्बन्धित साइट इन्चार्ज | सदस्य |

उपर्युक्त बमोजिम समितिले १५ दिन भित्र आवश्यक अध्ययन गरी प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्ने । प्राप्त प्रतिवेदन बमोजिम नगर कार्यपालिकालाई आवश्यक निर्णय गर्न नगर सभाबाट अख्तियारी प्रदान गर्ने ।

५. अर्जुनधारा नगरपालिकालाई विगतमा तथा स्थानीय तह स्थापना भए पश्चात वडा कार्यालय, स्वास्थ्य चौकी, बजार व्यवस्थापन लगायतको प्रयोजनका लागि निःशुल्क रुपमा जग्गा उपलब्ध गराउने जग्गादाताहरुलाई नगर सभाको

तर्फबाट हार्दिक सम्मान अर्पण गर्दै सबै जग्गादाताहरुलाई सबै वडामा कार्यक्रम गरी सम्मान अर्पण गर्न र जग्गादाताहरुको विवरण सहितको शिलालेख तयार गरी सम्बन्धित कार्यालयहरुमा टाँस गर्न नगर सभाको आगामी बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

६. चालु आर्थिक वर्ष २०७८/०७९ का लागि नवौं नगर सभाबाट स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत कुनै कार्यक्रम सञ्चालन हुन नसक्ने देखिई रकमान्तर तथा संशोधन गर्नुपर्ने देखिएमा वडास्तरीय कार्यक्रमको हकमा वडा समितिको एवं विषयगत शाखाका कार्यक्रमको हकमा विषयगत समितिको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय गरी संशोधन गर्न अख्तियारी प्रत्यायोजन गर्ने । साथै, नगर कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकबाट संशोधन भएका निर्णयहरु अनुमोदन गर्न नगर सभाको आगामी बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

७. कोभिड १९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिरहेको सन्दर्भमा संक्रमण रोकथाम पूर्व तयारी तथा प्रतिकार्य सम्बन्धि कार्यका लागि प्रकोप व्यवस्थापन कोषमा हाल विनियोजित बजेट अपुग हुने देखिएमा उपयुक्त शीर्षकबाट प्रकोप व्यवस्थापन कोषमा बजेट रकमान्तर गरी आवश्यक पूर्व तयारी र प्रतिकार्य सम्बन्धि कार्यक्रम सञ्चालन गर्न नगर कार्यपालिकालाई अख्तियारी दिन नगर सभाको आगामी बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (४) मा नगर कार्यपालिकाको कार्यालयको संगठन तथा व्यवस्था सर्वेक्षण गर्नका परामर्शदाता छनौट गरी कार्यदिश दिएकोमा परामर्शदाता बाट संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन प्राप्त भएकोमा उक्त प्रतिवेदनलाई संशोधन सहित पारित गरी स्वीकृतिका लागि नगर सभाको दशौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।साथै, संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत भएपश्चात तोकिएको कार्यविवरण अनुसारको सबै कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गर्न कार्यसम्पादन सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

९. महालेखा परीक्षकको कार्यालयबाट यस नगरपालिकाको अन्तिम लेखा परीक्षण हुँदा औंल्याइएका बेरुजुहरु उपर छलफल गरी नियमित गर्नुपर्ने बेरुजुहरुको हकमा नगर सभामा छलफल गरी नियमित गर्न अर्थ तथा सार्वजनिक लेखा समितिबाट निर्णय भई आएका प्रस्तावहरुलाई छलफल तथा निर्णयका लागि नगर सभाको आगामी बैठकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१०. यस अर्जुनधारा नगरपालिकामा रहेका भूमिहीन दलित, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धिक कार्य सम्पन्न भई प्राप्त लगत अनुसार जग्गा नापजाँचको चरणमा पुगेको अवस्थामा सो सम्बन्धि कार्य स्थगित रहेको र यस अर्जुनधारा नगरपालिकामा जग्गाको नापनक्सा व्यवस्थित गर्न सरपट नापी समेत गराउनु आवश्यक रहेकाले जग्गा नाँपजाँचका लागि आवश्यक पर्ने नियन्त्रण विन्दू स्थापना तथा सरपट नापी व्यवस्थापनका लागि नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने खर्च नगरपालिकाको उपयुक्त बजेट खर्च शीर्षकबाट व्यहोर्ने गरी आवश्यक निर्णयका लागि नगर सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

**(३)** अर्जुनधारा नगरपालिकाबाट आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न नदीहरुबाट नदीजन्य सामाग्री उत्खनन, विक्री तथा निकासीका लागि विभिन्न प्याकेजमा ठेक्का बन्दोवस्त गरिएकोमा सम्मानित अदालतको आदेशबाट उक्त ठेक्का कार्यान्वयन हुन नसकेको र सम्बन्धित ठेकेदार पक्षले सम्मानित अदालतको आदेश अगावै जम्मा गरेको ठेक्का बापतको रकम फिर्ता माग गरेको सम्बन्धमा र नगर कार्यपालिकाको कार्यालयबाट जारी गरिएको रसिदको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०७८/०४/२४ को नगर कार्यपालिकाको बैठकबाट उप प्रमुखज्यूको संयोजकत्वमा गठित अध्ययन समितिबाट अध्ययन अनुगमन पश्चात पेश गरेको अध्ययन प्रतिवेदन तथा सो उपर नगर कार्यपालिकाको कार्यालयका कानूनी

सल्लाहकार श्री चित्रबहादुर मगरले पेश गर्नु भएको राय बैठकमा जानकारी भयो । अध्ययन समितिको प्रतिवेदन तथा कानूनी सल्लाहकारबाट प्राप्त राय बमोजिम आवश्यक कार्यबाहीका लागि नगर कार्यपालिकको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(४) यस अर्जुनधारा नगरपालिकाका सबै वडाहरुबाट आगामी दिनमा सञ्चालन गर्नु पर्ने आवश्यक आयोजनाहरुको विवरण संकलन गरी विवरणहरुलाई एकिकृत गरी आयोजना बैंक निर्माण गर्नु आवश्यक रहेको र यसरी बन्ने आयोजना बैंकले आगामी दिनमा नगरपालिकाको नीति बजेट तथा कार्यक्रम तर्जुमा गर्न महत्वपूर्ण भूमिका खेल्ने भएकाले सोको आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(५) यस अर्जुनधारा नगरपालिकाबाट बन्दोवस्त गरिएको नदीजन्य सामाग्रीको उत्खनन,विक्री तथा निकासीको ठेक्का बमोजिम नदीजन्य सामाग्रीको व्यवस्थित उत्खनन तथा निकासीको लागि समुदायस्तरमा समेत अनुगमन समितिको आवश्यकता देखिएकाले भएकाले नदी तथा जलाधार संरक्षणमा क्रियाशिल सरोकारवालाहरु सम्मिलित अनुगमन समिति गठनको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

(६) कोभिढ १९ प्रकोपको पछिल्लो लहर (ओमिक्रोन भाइरस) को प्रकोपका कारण पूर्व सावधानी अपनाउनु जरुरी भएको सन्दर्भमा यस अर्जुनधारा नगरपालिकामा विदेशबाट आउने व्यक्तिहरुलाई ७२ घण्टा भित्र गरेको पिसिआर रिपोर्ट पेश गर्न वा कम्तिमा १० दिन होम आइसोलेसनमा बस्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।साथै, कोभिड विरुद्धको खोप लगाउन छुटेका सबै अर्जुनधारा वासाका लागि खोपको स्टक रहुन्जेल निरन्तर खोप कार्यक्रम सञ्चालनको आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(७) शनिश्चरे अस्पताल लगायत व्यवस्थापन समितिको मातहतमा सञ्चालनमा रहेका नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी एवं सामुदायिक विद्यालयहरुको लेखा परीक्षण नभएको पाइएकाले ती संस्थाहरुको लेखापरीक्षणका लागि आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(८) चालु आर्थिक वर्ष २०७८/०७९ का लागि नेपाल सरकारबाट प्राप्त सशर्त कार्यक्रम अन्तर्गत शिक्षा तर्फका देहाय बमोजिमका कार्यक्रम सचालनका लागि देहाय बमोजिम विद्यालय छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | रकम | विद्यालयको नाम |
|---|---|---|---|
| १ | शिक्षण सिकाइमा आइसिटीको प्रयोगका लागि अनुदान | ६५०००० | गणेश आधारभुत विद्यालय |
| २ | शिक्षण सिकाइमा आइसिटीको प्रयोगका लागि अनुदान | ६५०००० | भिमले आधारभुत विद्यालय |
| ३ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६५०००० | अरुणोदय आधारभुत विद्यालय |
| ४ | विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६५०००० | श्री आधारभुत विद्यालय |
| ५ | विद्यालयमा पुस्ताकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५०००० | महारानीगञ्ज माध्यमिक विद्यालय |
| ६ | विद्यालयमा पुस्ताकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५०००० | भानु आधारभुत विद्यालय |
| ७ | विद्यालयमा पुस्ताकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५०००० | जनता माध्यमिक विद्यालय |

साथै, तोकिएको सूचकाङ्कका आधारमा कार्यसम्पादनमा आधारित अनुदान (प्रति विद्यालय ५००००) प्राथमिक विद्यालयहरुले संघबाट यस्ता कुनै पनि योजना प्राप्त नगर्ने भएकोले निम्न बमोजिम प्राथमिक विद्यालयहरुलाई वितरण गर्ने निर्णय गरियो ।

१. लक्ष्मी प्रा.वि., अर्जुनधारा- ४ २. बालकल्याण प्रा.वि., अर्जुनधारा - ६

३. समाजसेवी प्रा.वि., अर्जुनधारा- ५ ४. श्री प्रा.वि., अर्जुनधारा—९ ५. नवज्योति प्रा.वि., अर्जुनधारा-२

**(९)** अर्जुनधारा नगरपालिकाबाट प्रस्तावित शनिश्चरे अस्पताल निर्माणका लागि थप जग्गा आवश्यक भएकोमा अर्जुनधारा नगपालिका वडा नं ९ बस्ने चन्द्रबहादुर बस्नेतले हाल शनिश्चरे अस्पतालका लागि प्राप्त भएको जग्गासँगै जोडिएको कि.नं. ९४४१ ज.वि. ०-१-५ जग्गा निःशुल्क उपलब्ध गराउनुहुने भएकाले उक्त जग्गा यस कार्यालयको नाममा नामसारीका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।